# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।१५ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला खोटाङ, हलेसी तुवाचुङ नगरपालिका वडा नं. ४ स्थित श्री लक्ष्मी माध्यमिक बिद्यालय, बडहरेको बिद्यालय भवन निर्माण गर्दा तत्कालीन बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेतको मिलेमतोमा DPC मात्र तयार गरी रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.ब. २०७१।०७२ मा श्री लक्ष्मी माध्यमिक विद्यालय, बडहरे, खोटाङको ४ कोठे RCC भवन निर्माण कार्यको लागि जिल्ला शिक्षा कार्यालयले रु.२४,००,०००।- (चौबीस लाख रुपैयाँ) र बिद्यालयले व्यहोर्ने जनश्रमदान २५% समेत गरी रु.३०,००,०००।– को लागत इष्टिमेट तयार गरी भवन निर्माणको लागि जिल्ला शिक्षा कार्यालय खोटाङ र बिद्यालय बीच मिति २०७१।११।२२ मा सम्झौता भई भवन निर्माण कार्य गर्दा सम्झौताको शर्त विपरित रकम निकासा गरे गराएको एवं स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट फिल्डमा जम्मा रु.२,७२,३२८।६१ बराबरको मात्र भवन निर्माणको काम भएको देखिएको भन्ने खुल्न आएबाट तत्कालीन जिल्ला शिक्षा कार्यालय, खोटाङ र श्री लक्ष्मी माध्यमिक विद्यालय, खोटाङ बीच भएको सम्झौतामा उल्लेख भएको शर्त र प्रावधान बिपरित नभए नगरेको कार्यको सम्बन्धमा भए गरेको भनी झुठ्ठा र गलत भौतिक कार्य प्रगति सम्बन्धी प्राविधिक मूल्याङ्कन गरी/गराई विद्यालयले भुक्तानीको लागि रकम माग गरी जिल्ला शिक्षा कार्यालयले समेत सो निर्माण कार्यको फिल्डको वास्तविक अवस्थालाई नजरअन्दाज गरी प्रचलित कानुन र सम्झौताको शर्त बिपरित हुँदै नभएको कामको लागि पटक/पटक गरी रु.२४,००,०००।-(चौबीस लाख रुपैयाँ) निकासा भएको र भुक्तानी समेत भए/गरेको देखिंदा भवन निर्माणको काम नै नभएको अवस्थामा समेत राष्ट्रसेवक तथा संलग्न अन्य व्यक्तिहरु समेतको आपसी मिलेमतोमा आफूहरुलाई लाभ र नेपाल सरकार/सार्वजनिक संस्थाको रुपमा रहेको विद्यालयलाई गैरकानूनी हानी पुर्‍याउने बदनियतले झुट्टा बिल भरपाई समेतका कागजात पेश गरी/गराई भुक्तानी दिएको/दिलाएको तथा कानून विपरित फरक प्रयोजनको लागि सम्बन्धित बजेट शिर्षकबाट खर्च नगरी अन्य शिर्षकमा खर्च गरी गराएको तथ्य स्थापित भएकोले उक्त कार्यमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | तत्कालीन जिल्ला शिक्षा कार्यालय, खोटाङका तत्कालीन जिल्ला शिक्षा अधिकारी **डा. गणेश प्रसाद भट्टराई** | रु.१०,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा रु.दश लाख बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूल हुन मागदाबी लिइएको छ। |
| २. | तत्कालीन जिल्ला शिक्षा कार्यालय, खोटाङका तत्कालीन जिल्ला शिक्षा अधिकारीद्वय **केशव प्रसाद दाहाल र ज्ञानमणि नेपाल** | जनही रु.१४,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा रु.चौध लाख बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूल हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ३. | जिल्ला शिक्षा कार्यालय, खोटाङका तत्कालीन लेखा अधिकृत **भुवन प्रसाद आचार्य** | रु.१०,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा रु.दश लाख बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूल हुन मागदाबी लिइएको छ। |
| ४. | जिल्ला शिक्षा कार्यालय, खोटाङका तत्कालीन लेखापाल **सुरेश कुमार श्रेष्ठ** | रु.२४,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा रु. चौबीस लाख बिगो कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूल हुन मागदाबी लिइएको। |
| ५. | जिल्ला शिक्षा कार्यालय, खोटाङका तत्कालीन सव-इन्जिनियर **शिवराज राई** | रु.२४,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.चौबीस लाख कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूल हुन एवं झुठ्ठा एवं गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरी/गराई सोको आधारमा निकासाका साथै भुक्तानी समेत गरे/गराएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | श्री लक्ष्मी माध्यमिक विद्यालय, खोक्सेली, खोटाङका तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **पृथ्वी दाहाल** | रु.८,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा रु. आठ लाख बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूलउपर हुन मागदाबी लिइएको छ। |
| ७. | तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **शेष कुमार पौड्याल** | रु.८,००,०००।—<br>रु.५,००,१२०।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा रु. आठ लाख बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूलउपर हुनका साथै<br>भवन निर्माण तर्फको बाँकी बजेटबाट मसलन्द लगायतका अन्य काममा खर्च भएको भनी झुट्टा बिल भरपाई बनाई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी |

| | | | |
|---|---|---|---|
| | | | गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय हुनका साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवानाको सजाय हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना, हानिनोक्सानी गरेको रकम रु.५,००,१२०।—असूल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | श्री लक्ष्मी माध्यमिक विद्यालय, खोक्सेली, खोटाङका तत्कालीन प्रधानाध्यापकद्वय **राजेन्द्र प्रसाद दाहाल र ऋषिराम पोखरेल** | जनही रु.८,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा रु. आठ लाख बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय गरी बिगो बमोजिम जरिवाना हुनका साथै बिगो असूलउपर हुन मागदाबी लिइएको छ। |
| ९. | श्री लक्ष्मी माध्यमिक विद्यालय, खोटाङका प्रधानाध्यापक **नयन कुमार राई** | रु.५,००,१२०।— | भवन निर्माण तर्फको बाँकी बजेटबाट मसलन्द लगायतका अन्य काममा खर्च भएको भनी झुट्टा बिल भरपाई बनाई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ ले निर्देश गरे बमोजिम साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय हुनका साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवानाको सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम हिनामिना, हानिनोक्सानी गरेको रकम रु.५,००,१२०।- असूल उपर हुन मागदाबी लिइएको छ। |
| १०. | श्री लक्ष्मी माध्यमिक विद्यालयका तत्कालीन लेखापाल **सीता कार्की** | रु.१६,००,०००।—<br>रु.५,००,१२०।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु. सोह्र लाख कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना सजाय गरी प्रतिवादीबाट बिगो असूल उपर हुनका साथै |

| | | | |
|---|---|---|---|
| | | | भवन निर्माण तर्फको बाँकी बजेटबाट मसलन्द लगायतका अन्य काममा खर्च गरेको भनी झुट्टा बिल भरपाई बनाई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही दफा १७ ले निर्देश गरे बमोजिम साविक भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय हुनका साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवानाको सजाय हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम हिनामिना, हानिनोक्सानी गरेको रकम रु.५,००,१२०।—असूल उपर हुन मागदाबी लिइएको छ। |
| ११. | श्री लक्ष्मी माध्यमिक विद्यालय, खोटाङको भवन निर्माण गर्ने जिम्मेवारी पाएका **अर्जुन तामाङ** | रु.१६,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ लिने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको मतियारको कसूर अपराध भएको हुँदा मुख्य कसूरदारहरुलाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदारहरुलाई हुने सजाय सरह सजाय गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल